**नेपाली / *NEPALI***

## ***UW–Madison*** **ले मङ समुदायलाई समर्थन गर्दछ**

अमेरिकाले केही मङ्ग बासिन्दाहरूलाई लाओस पठाउने अनुमति दिने संघीय सरकारको वार्ताको समाचार पछि *UW–Madison* ले मङ समुदायका सदस्यहरूलाई समर्थन व्यक्त र संसाधन बाँड्ने योजना गरिरहेको छ।

"हामी हाम्रो समुदायका सबै सदस्यहरूलाई, विषेश गरी हालमा हाम्रो मङ सदस्यहरूलाई, समर्थन र मान गर्दछौँ," कुलाधिपति Rebecca Blank भन्नुहुन्छ।

वार्ताहरू स्वदेश फिर्ता गर्ने सम्झौताका बारेमा हुन् जसले संयुक्त राज्य अमेरिकालाई अपराध गरेका वा उनीहरूको विरूद्ध देशनिकाला गर्ने आदेश भएका, ४,५०० भन्दा बढी गैर-नागरिकहरूलाई, झन सजिलै देशनिकाला गर्ने अनुमति दिनेछन्। विस्कन्सिनमा ४९,००० भन्दा बढी मङहरू बस्दछन्, जसमा *Madison* का जोसिलो समुदाय पनि समावेश छ।

विस्कन्सिनका गभर्नर Tony Evers र अन्य निर्वाचित अधिकृतहरू र समुदायका लीडरहरूले ती वार्ताहरूको विरोध गरेका छन् र *U.S. State Department* लाई पुनर्विचार गर्न आग्रह गरेका छन्।

यदि तपाईँ एक विद्यार्थीको रूपमा यसको वा अरू कुनै अवस्थाका बारेमा कसैसँग कुरा चाहनु हुन्छ भने, तपाईँले *Dean of Students* को कार्यालयमा (608) 263-5700 वा dean@studentlife.wisc.edu द्वारा वा *Multicultural Student Center* (608) 262-4503 msc@studentlife.wisc.edu द्वारा सम्पर्क गर्न सक्नुहुन्छ।

यस घटना वा कुनै अन्य परिस्थितिको परिणाम स्वरूप परामर्श वा सङ्कटमा समर्थन पाउनका लागि युनिभर्सिटी स्वास्थ्य सेवा परामर्श र सल्लाह सेवा *(University Health Services Counseling and Consultation Services)* (608) 265-5600 मा सम्पर्क गर्न वा सोमवार देखि शुक्रवार बिहान ९ बजे देखि साँझ ४ बजे सम्म भेट्न सकिन्छ। यदि तपाईँलाई व्यावसायिक समय बाहिर वा वीकेन्डमा तुरून्त सहयोगको आवश्यकता छ भने, कृपया *UHS*

सङ्कट लाईन *UHS Crisis Line* (608) 265-5600, *option* 9 मा सम्पर्क गर्नुहोला। थप जानकारीको लागि, uhs.wisc.edu वेबसाईटमा जानुहोला।

कर्मचारी र संकाय जसले यस घटना वा कुनै अन्य परिस्थितिको परिणाम स्वरूप कसैसँग कुरा गर्न चाहनु हुन्छ भने कर्मचारी सहायता कार्यालय *(Employee Assistance Office)* (608) 263-2987 मा सम्पर्क गर्न वा eao.wisc.edu वेबसाईट हेर्न सक्नुहुनेछ। कर्मचारीहरूले सांस्कृतिक भाषागत सेवाका Jzong Thao लाई 608-263-2217 मा पनि सम्पर्क गर्न सक्नेछन्।

स्थानीय संसाधनहरूका लागि, कृपया तलका लिङ्कहरू हेर्नुहोला:

- *Extension Dane County*
- *Freedom Inc*
- *Hmong Institute*
- *Hmong Madison*

थप रूपमा, *UW* ले आफ्नो नीति र व्यवहारहरूमा रहेको जानकारी दोहोऱ्याउँदछ:

- *UW–Madison* ले आफ्नो विद्यार्थी, संकाय वा कर्मचारीहरूको अध्यागमन स्थितिको जानकारी अनिवार्य माग नभएसम्म प्रदान गर्ने छैन।
- *UW–Madison* पुलिस विभाग संयुक्त राज्य अमेरिकाको अध्यागमन र भन्सार प्रवर्तन अधिकारीहरूद्वारा *(ICE)* सञ्चालित अध्यागमन प्रवर्तन कार्यहरूमा सहभागी हुने छैन। क्याम्पस संसाधन सीमित छन् र त्यस्ता प्रवर्तन *UWPD* को उद्देश्य, कर्तव्य वा सिद्धान्तको भाग होईन। यदि कुनै व्यक्तिले क्याम्पसलाई असर गर्ने गम्भीर अपराध गरेको छ भने मात्र *UWPD* अध्यागमन सम्बन्धी अनुसन्धानमा सहभागी हुनेछ।

- यदि संयुक्त राज्य अमेरिकाका अध्यागमन र भन्सार प्रवर्तन अधिकारीहरू क्याम्पसमा छन् र व्यक्तिगत विद्यार्थीहरूसँग कार्यान्वयन-सम्बन्धित समस्याहरूको बारेमा सम्पर्क गर्न चाहन्छन् भने उनीहरूले उचित कानुनी प्रक्रियाहरूको पालना गर्नुपर्दछ।